## दूरसञ्चार विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः** दूरसञ्चार क्षेत्रमा विकास भएको नवीनतम प्रविधिको उपयोग र विकास, दूरसञ्चार नीतिले लिएको लक्ष्य, उद्देश्य र कार्यक्रम अनुरुप उपलब्धी हासिल गर्न तथा दूरसञ्चार सेवालाई प्रतिस्पर्धी, भरपर्दो, सर्वसुलभ बनाई नेपाल दूरसञ्चार प्राधिकरण मार्फत दूरसञ्चार क्षेत्रको प्रभावकारी नियमनलाई समेत समेटी समय सापेक्ष कानून निर्माण गर्न आवश्यक भएको।

(क) **संवैधानिक कारणः** ×

(ख) **अन्तर्राष्ट्रिय दायित्वः** नेपाल अन्तराष्ट्रिय दूरसञ्चार संघ (ITU) को सदस्य रहेकोले दूरसञ्चार प्रविधिको उपयोग र सोको लाभ लिनुपर्ने।

(ग) **सर्वोच्च अदालतको फैसलाः**

(घ) **सरकारको नीति तथा कार्यक्रमः**दूरसञ्चार नीति, २०६०, ब्रोडव्याण्ड नीति, २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लागु भई दूरसञ्चार क्षेत्रमा सेवा प्रदायक, लगानी, सेवाग्राही र राजस्वमा समेत वृद्धि भएको छ। नेपाल सरकारको आ.व. २०८३/८४ को बजेट वक्तव्यमा समेत दूरसञ्चार विधेयकलाई संसदमा पेश गर्ने उल्लेख भएको सन्दर्भमा नयाँ कानून निर्माण गर्न आवश्यक भएको।

(ङ) **अन्य कुनै कारणः** दूरसञ्चार क्षेत्रमा प्रविधिमा भएको द्रूत विकास अनुसार कानूनमा समय सापेक्ष व्यवस्था गर्नु पर्ने भएकोले।

२. **नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरुः**

(क) नेपालको संविधान र सरकारको नीति तथा कार्यक्रमसँग सामञ्जस्यता कायम हुने,

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं



लक्ष्मी कुमारी बस्नेत
सचिव

(ख) दूरसञ्चार क्षेत्र आधुनिक र प्रतिष्पर्धी हुने,

(ग) दूरसञ्चार सेवा गुणस्तरीय र सर्वसुलभ हुने,

(घ) रेडियो फ्रिक्वेन्सी, नम्बरिङ तथा दूरसञ्चार पूर्वाधारको प्रभावकारी व्यवस्थापन हुने,

(ङ) डिजिटल अर्थतन्त्र र नवप्रवर्द्धनलाई प्रोत्साहन गर्ने,

(च) दूरसञ्चार सेवा तथा नेटवर्कको वर्गीकरण भएको हुने,

(छ) उपभोक्ताको अधिकार सुरक्षित भएको हुने।

३. **प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः** दूरसञ्चार ऐन, २०५३

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः**

(क) नवीनतम प्रविधि र अन्तर्राष्ट्रिय प्रचलन अनुसार कानून निर्माण गर्नुपर्ने भएकोले,

(ख) नेपाल दूरसञ्चार प्राधिकरणको भूमिका, अधिकार तथा दायित्वलाई समसामयिक बनाउनु पर्ने भएकोले,

(ग) दूरसञ्चार क्षेत्रलाई निष्पक्ष र प्रतिष्पर्धी बनाउनु पर्ने भएकोले,

(घ) डिजिटल रुपान्तरणलाई कानूनी आधार प्रदान गर्नुपर्ने भएकोले,

(ङ) रेडियो फ्रिक्वेन्सीलाई पारदर्शी र प्रतिष्पर्धात्मक बनाई यसको व्यवस्थापन गर्नु पर्ने भएकोले,

(च) दूरसञ्चार सेवाको गुणस्तरमा बृद्धि र उपभोक्ताको अधिकारलाई थप स्पष्ट बनाउनु पर्ने भएकोले,

(छ) दूरसञ्चार क्षेत्रमा लगानी प्रवर्द्धन गर्नुपर्ने भएकोले।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं



सचिव

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः** दूरसञ्चार नीति, २०६०, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ स्वीकृत भएको र यो नीति मिश्रित पद्दति र बढोत्तरी पद्दतिबाट तर्जुमा भएको छ।

६. **नीति निर्माणमा संलग्न पदाधिकारीः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय र नेपाल सरकारका विभिन्न निकाय एवं पदाधिकारीहरु नीति निर्माणमा संलग्न रहेको।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून निर्माण गरेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**

(क) भारत (Telecommunications Act, 2023)

(ख) अष्ट्रेलिया (Telecommunications Act, 1997)

(ग) बेलायत (Communication Act,2003)

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** नेपाल दूरसञ्चार प्राधिकरण र मन्त्रालयका पदाधिकारी बीच छलफल भई विधेयकको मस्यौदा तयार गरिएको ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः** थप आर्थिक व्ययभार नपर्ने, ऐन लागु भएपछि दूरसञ्चार क्षेत्रको राजस्वमा वृद्धि हुने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः** प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक नपर्ने ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

११. **प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः** मस्यौदा तर्जुमाको क्रममा विभिन्न मन्त्रालय, निकाय एवं सरोकारवाला व्यक्ति तथा संस्थासँग राय परामर्श लिइने।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयहरुः**

(क) नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ख) नेपाल सरकारको विशेषाधिकार सम्बन्धी व्यवस्था,

(ग) साधारण, एकीकृत र पूर्वाधार सेवाको अनुमतिपत्र सम्बन्धी व्यवस्था,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नुपर्ने शर्तहरु सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार, सुविधा तथा सेवा शुल्क सम्बन्धी व्यवस्था,

(च) निश्चित अवधिको लागि सेवा बन्द सम्बन्धी व्यवस्था,

(छ) फ्रिक्वेन्सी ब्यवस्थापन सम्बन्धी व्यवस्था,

(ज) अनुमतिपत्र खारेज गर्न सकिने सम्बन्धी व्यवस्था,

(झ) प्राधिकरणले दूरसञ्चार सेवा बन्द गराउन सक्ने व्यवस्था,

(ञ) नम्बरिङ्ग सम्बन्धी व्यवस्था,

(ट) नेटवर्क अन्तरआवद्धता सम्बन्धि व्यवस्था,

(ठ) सञ्चार सम्पर्क निष्कृय गर्न सकिने व्यवस्था,

(ड) कोष, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था,

(ढ) कसूर, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था,

(ण) अन्य विविध व्यवस्था।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव